पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८२।०३।०३ गते आ.ब. २०८१/८२ बैठक क्र.सं.१५

**निर्णय नं.१:** पैयूँ गाउँपालिकाको स्थानीय विपद व्यवस्थापन समितिको मिति २०८२।०२।०८ गतेको बैठकको निर्णय अनुसार तत्काल सेदिखोला र मर्दिखोला मिसिने दोभान वडा नं. ४ र २ बीचको स्थानमा नियन्त्रित रुपमा मेशिन औजार प्रयोग मार्फत खोलाको व्यवस्थापन गरी वर्षाको कारण प्रशासकीय भवन तर्फ बाढीकटानले निम्त्याउने सम्भावित जोखिम न्यूनीकरण गर्न उक्त स्थानमा थुप्रिएका ढुङ्गा, गिट्टी, वालुवा, गेगरान, दहत्तर बहत्तर आदि बस्तुहरु मिति २०८२/०२/२७ गते देखि नियन्त्रित रुपमा मेसिनरी औजारको प्रयोगद्वारा व्यवस्थापन गरी गाउँपालिकाको दक्षिण तर्फ पर्खाल भित्र तपसिल बमोजिमको परिमाणमा मौज्दात थुपारी राखिएको व्यहोरा प्रविधिकबाट पेश हुन आएकाले उक्त परिमाणको मौज्दात प्रमाणित र उक्त प्रमाणित मौज्दातको आ.व. ०८२/०८३ को सुरुमै प्रतिस्पर्धाको माध्यमबाट कानून बमोजिम ठेक्का प्रक्रिया अघि बढाउने निर्णय गरिन्छ।

तपसिल

| विवरण | मौज्दात परिमाण | कैफियत |
|---|---|---|
| ढुङ्गा ,गिट्टी, वालुवा, गेगरान, दहत्तर बहत्तर आदि | १६१६ घनमिटर | ८०८ ट्रिप (ट्रयाक्टर) |

**निर्णय नं. २:** पैयूँ गाउँपालिकाको क्षेत्र भित्रका जग्गाहरुलाई वर्गीकरण गरी भूउपयोग योजना कार्यान्वयन गरिएकोमा कुनै कारणले बर्गीकरण गर्न छुटेका र भु-उपयोग वर्गीकरणमा परिवर्तन गर्नुपर्ने भएमा स्पष्ट आधार र कारण सहित १५ दिन भित्र निवेदन पेश गर्न सार्बजनिक सूचना जारी गर्ने।

**निर्णय नं. ३:** पैयूँ गाउँपालिका वडा नं६ निवासी तपसिल अनुसारको व्यक्तिबाट जग्गा वर्गीकरण गरिपाउँ भनि दिएको निवेदन उपर छलफल गरी देहाय अनुसार निजको जग्गा वर्गीकरण गर्ने निर्णय गरियो।

तपसिल

| क्र.स. | जग्गा धनीको नाम | साविकको ठेगाना | कित्ता नं. | क्षेत्रफल | कायम गरिएको जग्गा वर्गीकरण |
|---|---|---|---|---|---|
| १ | सेती आचार्य | सरौंखोला गा.वि.स. वडा नं.६ | ९२१,<br>९२७,<br>९३२,<br>९३९ | १-२-०-०<br>१-९-२-३<br>०-४-२-०<br>०-६-२-० | आवासीय<br>"<br>"<br>"<br>" |

**निर्णय नं. ४:** चालू आ.व.०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत वडा नं. ६ को रु.१,००,०००।- (अक्षेरेपि एक लाख मात्र) बजेट विनियोजन भएको "वडा स्तरीय मोटरबाटो सरसफाई योजना" संशोधन गरी "जैवारी तालपाटा मोटरबाटोको नाली निर्माण योजना" कायम गर्ने भनि वडा समितिबाट निर्णय भई आएको हुँदा सोही अनुसार उक्त योजना संशोधन गर्ने निर्णय गरियो।

पैयूँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, दवास, पर्वत, गण्डकी प्रदेश, नेपाल, २०७३

तोरण मल्ल ठकुरी

अध्यक्ष